**06-03-2020 ओम् शान्ति प्रातः मुरली "बापदादा" मधुबन**

**" मीठे बच्चे– यो पुरानो दुनियाँमा अल्पकालको क्षण भंगुर सुख छ , यो सँगै जान सक्दैन , साथमा अविनाशी ज्ञान रत्न जान्छ , त्यसैले अविनाशी कमाई जम्मा गर।"**

**प्रश्नः–** बाबाको पढाइमा तिमीलाई कुनचाहिँ विद्या सिकाइँदैन?

**उत्तरः–** भूत विद्या। कसैको संकल्पको अध्ययन गर्नु, यो भूत विद्या हो, तिमीलाई यो विद्या सिकाइँदैन। बाबा कुनै विचार पढ्नेवाला (थट रिडर) हुनुहुन्न। उहाँ सर्वज्ञ अर्थात् ज्ञानको सागर (नलेजफुल) हुनुहुन्छ। बाबा आउनु हुन्छ तिमीलाई रूहानी पढाइ पढाउन, जुन पढाइबाट तिमीलाई २१ जन्मको लागि विश्वको राजाइ मिल्छ।

**ओम् शान्ति।** यहाँ गायन गर्छन्– आत्मा, परमात्मा अलग रहे बहुकाल....। अहिले बच्चाहरूलाई थाहा छ– हामी आत्माहरूका पिता परमपिता परमात्माले हामीलाई राजयोग सिकाइरहनु भएको छ। आफ्नो परिचय दिइरहनु भएको छ र सृष्टिको आदि-मध्य-अन्त्यको पनि परिचय दिइरहनु भएको छ। कोही त पक्का निश्चयबुद्धि छन्, कोहीले थोरै बुझ्छन्, नम्बरवार त हुन्छन् नि। बच्चाहरूलाई थाहा छ– हामी जीव आत्माहरू परमपिता परमात्माका सम्मुख बसेका छौं। गायन पनि गरिन्छ– आत्मा, परमात्मा अलग रहे बहुकाल। मूलवतनमा आत्माहरू हुँदा अलग हुने कुरा आउँदैन। यहाँ आएपछि जब जीव आत्मा बन्छन् अनि परमात्मा पितासँग सबै आत्माहरू अलग हुन्छन्। परमपिता परमात्मासँग अलग भएर यहाँ पार्ट खेल्न आउँछन्। पहिला त विना अर्थ यत्तिकै गायन गरिरहन्थ्यौ। अहिले बाबा बसेर सम्झाउनु हुन्छ। बच्चाहरूलाई थाहा छ– परमपिता परमात्मासँग अलग भएर हामी यहाँ पार्ट खेल्न आउँछौं। तिमी नै सबैभन्दा पहिला बिछोड भएका हौ, त्यसैले शिवबाबा पनि सबैभन्दा पहिला तिमीसँग नै मिल्नु हुन्छ। तिम्रो लागि नै बाबा आउनु पर्छ। कल्प पहिला पनि यी बच्चाहरूलाई नै पढाएको थिएँ, जो फेरि स्वर्गको मालिक बन्छन्। त्यतिबेला अरू कुनै खण्ड थिएन। बच्चाहरूलाई थाहा छ– हामी आदि सनातन देवी-देवता धर्मका थियौं जसलाई दैवी धर्म, दैवी राजवंश पनि भनिन्छ। हरेकको आफ्नो धर्म हुन्छ। धर्म नै शक्ति हो (रिलीजन इज माइट) भनिन्छ। धर्ममा तागत हुन्छ। तिमी बच्चाहरूलाई थाहा छ– यी लक्ष्मी-नारायण कति तागत भएका थिए। हिन्दुहरूले आफ्नो धर्मलाई नै जानेका छैनन्। कसैको बुद्धिमा आउँदैन अवश्य पनि भारतमा यिनीहरूको धर्म थियो। धर्मलाई नजानेका हुनाले धर्ममा नास्तिक बनेका छन्। धर्ममा आउनाले तिमीलाई कति तागत हुन्छ। तिमीले कलियुगी पर्वतलाई उठाएर सत्ययुगी बनाइदिन्छौ। भारतलाई सुनको पर्वत बनाइदिन्छौ। त्यहाँ त खानीहरूमा धेरै सुन भरिएको हुन्छ। सुनका पहाड हुन्छन् जो फेरि खुल्छन्। सुनलाई गलाएर त्यसको ईंटा बनाइन्छ। भवन त ठूला ईंटाको नै बनाउँछन् नि। मायाँ मच्छन्दरको खेल पनि देखाउँछन् नि। ती सबै हुन् कहानी। बाबा भन्नुहुन्छ– यी सबैको सार मैले तिमीलाई सुनाउँछु। देखाउँछन् ध्यानमा देखेँ मैले झोली भरेर लैजान्छु, ध्यानबाट तल उत्रियो, तब केही पनि थिएन। जस्तो तिमीलाई पनि हुन्छ। यसलाई भनिन्छ दिव्य दृष्टि। यसमा केही पनि छैन। नौधा भक्ति धेरै गर्छन्। त्यो भक्तमाला नै अलग हो, यो ज्ञानमाला अलग हो। रुद्रमाला र विष्णुमाला हुन्छ नि। त्यो फेरि हो भक्तिको माला। अहिले तिमीले पढिरहेका छौ राजाइको लागि। तिम्रो बुद्धियोग छ टिचरसँग र राजाइसँग। जसरी कलेजमा पढ्दा बुद्धियोग टिचरसँग रहन्छ। बेरिस्टरहरूले स्वयं पढाएर आफू समान बनाउँछन्। यी बाबा स्वयं त बन्नुहुन्न। यो यहाँ अनौठो छ नि। तिम्रो यो हो रूहानी पढाइ। तिम्रो बुद्धियोग शिवबाबासँग छ, उहाँलाई नै ज्ञानको सागर भनिन्छ। जानी-जाननहारको अर्थ यो होइन– उहाँले सबैको दिलको कुरा जान्नुहुन्छ, यिनको मनमा के कुरा चलिरहेको छ। ती जो विचार बुझ्ने (थट रिडर) हुन्छन् उनीहरूले सबै सुनाउँछन्। त्यसलाई भूत विद्या भनिन्छ। यहाँ त बाबाले पढाउनु हुन्छ, मनुष्यबाट देवता बनाउन। गायन पनि छ मनुष्यबाट देवता..... अहिले तिमी बच्चाहरूलाई थाहा छ– हामी अहिले ब्राह्मण बनेका छौं र फेरि अर्को जन्ममा देवता बन्छौं। आदि सनातन देवी-देवताको नै गायन गरिन्छ। शास्त्रहरूमा त धेरै कथाहरू लेखिदिएका छन्। यहाँ त बाबाले बसेर प्रत्यक्ष पढाउनु हुन्छ।

भगवानुवाच– भगवान नै ज्ञानको सागर, सुखका सागर, शान्तिको सागर हुनुहुन्छ। तिमी बच्चाहरूलाई वर्सा दिनुहुन्छ। यो पढाइ हो तिम्रा २१ जन्मको लागि। त्यसैले कति राम्ररी पढ्नुपर्छ। यो रूहानी पढाइ बाबा एकै पटक

आएर पढाउनु हुन्छ, नयाँ दुनियाँ स्थापना गर्नको लागि। नयाँ दुनियाँमा यी देवी-देवताहरूको राज्य थियो। बाबा भन्नुहुन्छ– मैले ब्रह्माद्वारा आदि सनातन देवी-देवता धर्मको स्थापना गरिरहेको छु। यो धर्म भएको बेला अरू कुनै धर्म थिएन। अहिले अरू सबै धर्म छन्। त्रिमूर्तिका विषयमा पनि तिमीले सम्झाउँछौ– ब्रह्माद्वारा स्थापना एक धर्मको। अहिले त्यो धर्म छैन। गायन पनि गर्छन्– मैं निर्गुण हारे में कोई गुण नाही, आपेही तरस परोइ... मभित्र कुनै गुण छैन भन्छन्, त्यसैले बुद्धि परमपिता परमात्मातिर जान्छ, उहाँलाई नै मर्सिफुल भनिन्छ। बाबा आउनु हुन्छ नै बच्चाहरूको सबै दु:ख समाप्त गरेर १०० प्रतिशत सुख दिन। कति दया गर्नुहुन्छ। तिमीलाई थाहा छ– बाबासँग हामी आएका छौं त्यसैले बाबाद्वारा पूरा सुख लिनु छ। त्यो हो नै सुखधाम, यो हो दु:खधाम। यो चक्रलाई पनि राम्ररी बुझ्नु छ। शान्तिधाम, सुखधामलाई याद गर्यौ भने अन्त मती सो गति हुन्छ। शान्तिधामलाई नै याद गर्ने हो भने अवश्य पनि शरीर छोड्नु पर्छ अनि आत्माहरू शान्तिधाममा जान्छन्। एक बाबा बाहेक अरू कोही पनि याद नआओस्। एकदम लाइन स्पष्ट हुनुपर्छ। एक बाबालाई याद गरेमा मन भित्र खुशीको पारा चढ्छ। यो पुरानो दुनियाँमा त अल्पकालको क्षण भंगुर सुख छ। यो सबै सँगै जान सक्दैन। साथमा त यी अविनाशी ज्ञान रत्न मात्र जान्छ। अर्थात् यो ज्ञान रत्नको कमाई मात्र साथ जान्छ जुन फेरि तिमीले २१ जन्म प्रारब्ध भोग्छौ। हो, विनाशी धन पनि साथैमा उनको जान्छ जसले बाबालाई मदत गर्छन्। बाबा हाम्रो पनि कौडी लिएर त्यहाँ महल दिनुहोस्। बाबाले कौडीको साटो कति रत्न दिनुहुन्छ। जसरी अमेरिकनहरूले धेरै पैसा खर्च गरेर पुराना-पुराना चीजहरू खरिद गर्छन्। पुराना चीजको मानिसहरूले धेरै मूल्य लिन्छन्। अमेरिकनहरूसँग पाईको चीजलाई हजार लिन्छन्। बाबा पनि कति राम्रो ग्राहक हुनुहुन्छ। भोलानाथ भनी गायन गरिएको छ नि। मानिसहरूलाई यो पनि थाहा छैन, उनीहरूले त शिव-शंकर एउटै हुनुहुन्छ भनिदिन्छन्। उनीसँग भन्छन् भरिदेऊ झोली। अहिले तिमी बच्चाहरूलाई थाहा छ– हामीलाई ज्ञान रत्न मिलेको छ, जसले हाम्रो झोली भरिन्छ। यहाँ हुनुहुन्छ बेहदका बाबा। उनीहरूले फेरि शंकरको लागि भनिदिन्छन् र फेरि देखाउँछन्– धतुरो खान्थे, भाँग पिउँथे। बसेर के-के कुरा बनाएका छन्! तिमी बच्चाहरूले अहिले सद्गतिको लागि पढाइ पढिरहेका छौ। यो पढाइ हो नै बिल्कुल शान्तिमा रहनको लागि। यी बत्ती आदि जो बाल्छन्, प्रदर्शन गर्छन्, त्यो पनि त्यसैले गर्छौ ताकि मानिसहरूले आएर सोधून् तपाईंहरूले शिवजयन्ती किन मनाउनु हुन्छ? शिवले नै भारतवर्षलाई धनवान बनाउनु हुन्छ नि। यी लक्ष्मी-नारायणलाई स्वर्गको मालिक कसले बनाउनु भयो? यो तिमीलाई थाहा छ– यी लक्ष्मी-नारायण पहिलाको जन्ममा को थिए? यी पहिलाको जन्ममा जगत् अम्बा ज्ञान-ज्ञानेश्वरी थिइन् जो फेरि राज-राजेश्वरी बन्छिन्। अब पद कसको ठूलो छ? देख्नमा त यिनी स्वर्गको मालिक छिन्। जगत् अम्बा कहाँकी मालिक थिइन्? यिनीसँग किन जान्छन्? ब्रह्मालाई पनि १०० हात भएका, २०० हात भएका, १००० हजार हात भएका देखाउँछन् नि। जति बच्चा हुँदै जान्छन्, त्यति हातहरू बढ्दै जान्छन्। जगदम्बालाई पनि लक्ष्मीका भन्दा धेरै हातहरू देखाउँछन्, उनीसँगै गएर सबै कुरा माग्छन्। धेरै आशा लिएर जान्छन्– बच्चा चाहियो, यो चाहियो... लक्ष्मीसँग कहिल्यै यस्ता आशा लिएर जाँदैनन्। उनी त केवल धनवान हुन्। जगत अम्बाद्वारा त स्वर्गको बादशाही मिल्छ। यो पनि कसैलाई थाहा छैन– जगत अम्बासँग के माग्नुपर्छ! यो त पढाइ हो नि। जगत् अम्बाले के पढाउँछिन्? राजयोग। यसलाई भनिन्छ नै बुद्धियोग। तिम्रो बुद्धि अरू सबै तिरबाट निस्किएर एक बाबातिर लाग्छ। बुद्धि त अनेक तिर भाग्छ। अब बाबा भन्नुहुन्छ– मसँग बुद्धियोग लगाऊ, नत्र विकर्म विनाश हुँदैन त्यसैले बाबाले फोटो खिचाउन पनि मनाही गर्नुहुन्छ। यो त यिनको देह हो नि।

बाबा स्वयं दलाल बनेर भन्नुहुन्छ– अहिले तिम्रो त्यो विवाह क्यान्सिल भएको छ। काम चिताबाट निस्किएर ज्ञान चितामा बस। काम चिताबाट निस्क। आफूलाई आत्मा सम्झेर म पितालाई याद गर्यौ भने विकर्म विनाश हुन्छ। अरू कुनै मानिसहरूले यस्तो भन्न सक्दैन। मनुष्यलाई भगवान पनि भन्न सकिँदैन। तिमी बच्चाहरूलाई थाहा छ– बाबा नै पतित-पावन हुनुहुन्छ। उहाँ नै आएर काम चिताबाट निकालेर ज्ञान चितामाथि बसाल्नुहुन्छ। उहाँ हुनुहुन्छ रूहानी पिता। उहाँ यिनमा बसेर भन्नुहुन्छ– तिमी पनि आत्मा हौ, अरूलाई पनि यही सम्झाइराख। बाबा भन्नुहुन्छ– मनमनाभव, मनमनाभव भनेपछि नै स्मृति आउँछ। पुरानो दुनियाँको विनाश पनि सामुन्ने खडा छ। बाबाले सम्झाउनु हुन्छ यो हो महाभारी महाभारत लडाईं। लडाईं त बेलायतमा पनि हुन्छ फेरि यसलाई महाभारत लडाईं किन भनिन्छ? भारतवर्षमा नै यज्ञ रचिएको छ। यसैबाट विनाश ज्वाला निस्किएको हो। तिम्रो लागि नयाँ दुनियाँ हुनुपर्छ त्यसैले पुरानो दुनियाँको अवश्य पनि विनाश हुनुपर्छ। त्यसैले यस लडाईंको जरा यहाँबाट निस्किन्छ। यस रुद्र ज्ञान यज्ञबाट महाभारी लडाईं, विनाश ज्वाला प्रज्वलित भयो। लेख्न त शास्त्रहरूमा लेखिएको छ तर कसले भन्यो यो जानेका छैनन्। अहिले बाबाले सम्झाइरहनु भएको छ नयाँ दुनियाँको लागि।

अहिले तिमीले राजाइ लिन्छौ, तिमी देवी-देवता बन्छौ। तिम्रो राज्यमा अरू कोही पनि हुनु हुँदैन। आसुरी दुनियाँ विनाश हुन्छ। बुद्धिमा याद रहनु पर्छ– हिजो हामीले राज्य गरेका थियौं। बाबाले राज्य दिनुभएको थियो फेरि ८४ जन्म लिँदै आयौं। अहिले फेरि बाबा आउनु भएको छ। तिमी बच्चाहरूमा यो त ज्ञान छ नि। बाबाले यो ज्ञान दिनुभएको छ। जब दैवी धर्मको स्थापना हुन्छ तब बाँकी सारा आसुरी दुनियाँको विनाश हुन्छ। बाबा बसेर ब्रह्माद्वारा यी सबै कुरा सम्झाउनु हुन्छ। ब्रह्मा पनि शिवका बच्चा हुन्, विष्णुको पनि रहस्य सम्झाउनु भएको छ– ब्रह्मा नै विष्णु, विष्णु नै ब्रह्मा बन्छन्। अहिले तिमीले जानिसक्यौ हामी ब्राह्मण हौं फेरि देवता बन्छौं अनि ८४ जन्म लिन्छौं। यो ज्ञान दिने एक बाबा मात्रै हुनुहुन्छ अनि फेरि कुनै मानिसहरूद्वारा यो ज्ञान कसरी प्राप्त हुन सक्छ? यसमा सारा बुद्धिको कुरा छ। बाबा भन्नुहुन्छ– अरू सबै तिरबाट बुद्धियोग तोड। बुद्धि नै बिग्रिन्छ। बाबा भन्नुहुन्छ– मलाई याद गर्यौ भने विकर्म विनाश हुन्छ। ठीक छ, गृहस्थ व्यवहारमा रहन सक्छौ। लक्ष्य-उद्देश्य त सामुन्ने खडा छ। जानेका छौ– हामी पढेर यस्तो बन्छौं। तिम्रो पढाइ हो नै संगमयुगको। अहिले तिमी न यता छौ न उता। तिमी बाहिर छौ। बाबालाई खिवैया पनि भन्छन्– गायन पनि गर्छन् हाम्रो नाउ पार लगाउनुहोस्। यसमा एक कथा पनि बनेको छ। कोही चल्छन्, कोही रोकिन्छन्। अब बाबा भन्नुहुन्छ– म बसेर यी ब्रह्माको मुखद्वारा सुनाउँछु। ब्रह्मा कहाँबाट आए? प्रजापिता त अवश्य पनि यहाँ हुनुपर्यो नि। मैले यिनलाई गोद लिन्छु, यिनको नाम पनि राख्छु। तिमी पनि ब्रह्मा मुख वंशावली ब्राह्मण हौ, जो कलियुगको अन्त्यमा छौ, फेरि उनै सत्ययुगको आदिमा जान्छौ। तिमी नै सबैभन्दा पहिला बाबाबाट अलग भएर पार्ट खेल्न आएका छौ। हामी मध्ये पनि सबैले त भन्दैनन् नि। यो पनि थाहा हुन्छ कसले पूरा ८४ जन्म लिन्छन्। यी लक्ष्मी-नारायणको त ग्यारेन्टी छ नि। यिनको लागि नै गायन छ श्याम-सुन्दर। देवी-देवता सुन्दर थिए, कालाबाट गोरा बनेका हुन्। गाउँले परिवर्तन भएर सुन्दर बन्छन्, यतिबेला सबै गाउँले हुन्। यो बेहदको कुरा हो, उहाँलाई कसैले चिन्दैनन्। कति राम्रो-राम्रो ज्ञान दिइन्छ। हरेकलाई सर्जन एक हुनुहुन्छ। यी हुन् अविनाशी सर्जन।

योगलाई अग्नि भनिन्छ किनकि योगबाटै आत्माको खाद (फोहर) निस्किन्छ। योग अग्निद्वारा तमोप्रधान आत्मा सतोप्रधान बन्छ। यदि आगो निभ्यो भने खाद निस्किदैन। यादलाई योग अग्नि भनिन्छ, जसबाट विकर्म विनाश हुन्छ। त्यसैले बाबा भन्नुहुन्छ– तिमीलाई कति सम्झाइरहन्छु। धारणा पनि होस् नि। ठीकै छ, मनमनाभव। यसमा त थाक्नु हुँदैन नि। बाबालाई याद गर्न पनि बिर्सिन्छन्। उहाँ पतिहरूका पतिले तिमीहरूलाई ज्ञानद्वारा कति शृङ्गार गर्नुहुन्छ। निराकार बाबा भन्नुहुन्छ– अरू सबैतिरबाट बुद्धियोग तोडेर म आफ्नो पितालाई याद गर। पिता सबैका एउटै हुनुहुन्छ। तिम्रो अब कला वृद्धि हुन्छ। भन्छन् पनि– तेरे भाने सर्वका भला। बाबा आउनु भएको छ सबैको भलो गर्न। रावणले त सबैलाई दुर्गतिमा लैजान्छ, रामले सबैलाई सद्गतिमा लैजानुहुन्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) बाबाको यादद्वारा अपार सुखको अनुभव गर्नको लागि बुद्धिको लाइन स्पष्ट हुनुपर्छ। यादले जब अग्निको रूप लिन्छ तब आत्मा सतोप्रधान बन्छ।

२) बाबाले कौडीको बदला रत्न दिनुहुन्छ। यस्ता भोलानाथ बाबाद्वारा आफ्नो झोली भर्नु छ। शान्तिमा रहने पढाइ पढेर सद्गति प्राप्त गर्नु छ।

**वरदानः–** तीन प्रकारका विजयका मेडल प्राप्त गर्ने सदा विजयी भव

विजयमालामा नम्बर प्राप्त गर्नको लागि पहिला स्वमाथि विजयी, फेरि सबैमाथि विजयी र फेरि प्रकृतिमाथि विजयी बन। जब यी तीन प्रकारका विजयका मेडल मिल्छन् तब विजय मालाका दाना बन्न सक्छौ। स्व माथि विजयी बन्नु अर्थात् आफ्नो व्यर्थ भाव, स्वभावलाई श्रेष्ठ भाव, शुभ-भावनाद्वारा परिवर्तन गर्नु। जो यसरी स्व माथि विजयी बन्छन् उनैले अरूमाथि पनि विजय प्राप्त गर्छन्। प्रकृतिमाथि विजय प्राप्त गर्नु अर्थात् वायुमण्डल, भाइब्रेशन र स्थूल प्रकृतिका समस्याहरू माथि विजयी बन्नु।

**स्लोगनः–** स्वयंका कर्मेन्द्रियहरूमाथि सम्पूर्ण राज्य गर्नेवाला नै सच्चा राजयोगी हुन्।